# प्रभाव दैनिक
National Daily








वर्ष १० अंक १७१ काठमाडौं बुधबार, २४ असोज २०८० Prabhab National Daily Wednesday, October 11, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# गाजा नजिक रहेका नेपालीलाई सुरक्षित स्थानमा सारियो

## नेपाल फर्कन चाहने ३५० जनाले गराए दूतावासमा नाम दर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायल-गाजाको सीमावर्ती क्षेत्रका कृषि फार्ममा रहेका सबै ५५ नेपाली विद्यार्थीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ ।

इजरायलको उत्तरी सिमाना आसपासको क्षेत्रमा उद्धारको प्रतीक्षामा रहेका ७२ जनालाई पनि सुरक्षित ठाउँमा सारिएको तेलअबिबस्थित नेपाली राजदूतावासले जनाएको छ । दूतावासका अनुसार शनिबारको आक्रमणमा घाइते भएका चारै जनाको स्वास्थ्यमा क्रमशः सुधार आएको छ तथा हराइरहेका एक नेपालीको प्रहरी, अस्पताललगायत उपलब्ध सम्पूर्ण स्थानीय तथा कूटनीतिक संयन्त्रको सहयोगमा व्यापक खोजी भइरहेको छ ।

नेपाल फर्कन चाहने ३५० जनाभन्दा बढी नेपालीले आफ्नो नाम दूतावासमा दर्ता गराएका छन् । उनीहरूको सुरक्षित स्वदेश फिर्तीको प्रक्रिया प्रारम्भ गरिसकेको जनाइएको छ । यता परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले इजरायलमा रहेका नेपालीको उद्धार एवं सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा स्वदेश फिर्तीको चाहना राख्ने नेपालीलाई तत्काल फिर्तीको प्रबन्धका लागि इजरायल सरकारसँग समन्वय गरी कार्य भइरहेको बताएका छन् ।

प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको मंगलबारको बैठकमा परराष्ट्रमन्त्री साउदले भने, 'इजरायलमा निधन भएका १० नेपालीको शव नेपाल ल्याउनका लागि इजरायल सरकारका विधिविज्ञान निकायसँग समन्वय भई सकेसम्म चाँडो ल्याउने गरी कार्यप्रक्रिया सुरु भइसकेको छ ।' समितिले यी विषयलाई प्राथमिकताका साथ कार्य गर्न निर्देशन दिएको र परराष्ट्रमन्त्री साउदले समितिको निर्देशनलाई सरकारले उच्च प्राथमिकतामा राखी कार्य गर्ने विश्वास दिलाए ।

नेपाल सरकारले इजरायलमा आक्रमणमा परी निधन भएका नेपालीको शव यथाशीघ्र स्वदेश ल्याउन, घाइतेको उपचार गर्न, सम्पर्कविहीन भएकाको तत्काल खोजी गर्न, असहज परिस्थितिमा परेकाको उद्धार गर्न एवं सुरक्षित स्थानमा स्थानान्तरण गर्न प्रयत्नशील रहेको मन्त्री साउदले बताए ।

हालको अवस्थामा अध्ययन तथा अन्य प्रयोजनका लागि इजरायल जान लाग्नुभएका नेपालीलाई तत्काल भ्रमण नगर्न परराष्ट्र मन्त्रालयले आग्रह गरेको छ । साथै, यी विषयका सम्बन्धमा परराष्ट्र मन्त्रालयले आज बुधबारदेखि नियमितरूपमा अपराह्न ४:३० बजे प्रेस ब्रिफिङ गर्ने मन्त्री साउदले जानकारी दिए ।

### इजरायली समकक्षीसँग परराष्ट्रमन्त्री साउदको टेलिफोन वार्ता

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री एनपी साउदले इजरायलका विदेशमन्त्री एली कोहेनसँग मंगलबार टेलिफोन वार्ता गरेका छन् । त्यस क्रममा उनले आतंकवादी समूह हमासको आक्रमणमा १० जना नेपालीका साथै इजरायली एवं अन्य देशका निर्दोष नागरिक मारिएकामा गहिरो दुःख व्यक्त गरे ।

परराष्ट्र मन्त्रालयका अनुसार मन्त्री साउदले नेपाल सरकार र जनताका तर्फबाट आफ्ना इजरायली समकक्षीप्रति सहानुभूति एवं ऐक्यबद्धता प्रकट गर्दै आतंकवादका हरेक रूप र प्रकटीकरणका विरुद्ध नेपाल दृढताका साथ उभिएको बताए । साथै, उनले उक्त आक्रमणको निन्दा गरे ।

परराष्ट्रमन्त्री साउदले ज्यान गुमाएका नेपालीको शव नेपाल पठाउन आवश्यक समन्वय र सहजीकरण गर्न आग्रह गर्नाका साथै घाइते भएका चार जनाको उपचार तथा सम्पर्कविहीन भएका एक नेपालीको अवस्था पत्ता लगाइदिन विदेशमन्त्री कोहेनसमक्ष विशेष अनुरोध गरे । इजरायली सेनाले सुरक्षित स्थानमा स्थनानान्तरण गरेका नेपालीलाई आवास, भोजन एवं सुरक्षाको प्रबन्ध गर्न पनि उनले कोहेनसँग आग्रह गरे ।

(बाँकी पृष्ठ ३ मा)

टिआरसी विधेयक

# चार मुद्दा शीर्ष नेतृत्वको सहमतिमा टुंग्याइने

- मानवअधिकारको गम्भीर उल्लंघनमा समावेश भएको स्वेच्छाचारी र क्रुरतापूर्वक (आर्बिट्ररी) गरिएको हत्या, दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने ?
- सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ?
- मानवअधिकार उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ?
- घटी सजाय सम्बन्धमा आधार, कारण खुलाएर गर्ने कि प्रतिशत ?



■ जेबी योञ्जन

**काठमाडौं–** संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई दसैंअघि संसदीय समितिले टुंगो नलगाउने छाँट देखाएको छ । मंगलबार संघीय संसद्अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिमा सभापति विमला सुवेदीलाई यो विधेयकको टुंगो लगाउन दसैं तिहारपछिको समय उपयुक्त हुने सुझाव समितिका सदस्यहरूले दिएका छन् ।

योसँगै 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक'मा टुंगो लाग्न समय लाग्ने देखिएको छ । अझ यस विषयमा एकपटक शीर्ष राजनीतिक नेतृत्व तहमा सहमति जुटाउनुपर्ने प्रस्तावसमेत संसदीय उपसमितिले राखेको छ ।

विधेयक पारित गरेर नेपालमा संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुऱ्याउन प्रयास भइरहेको अन्तर्राष्ट्रिय समुदायलाई सन्देश दिन सरकारले चाहेको देखिएको छ । तर, विधेयकमा सहमति जुटाउन गठित उपसममितिले भने मुख्य चार विषयमा सहमति नजुटाई मूल समिति कानुन, न्याय तथा मानवअधिकार समितिलाई प्रतिवेदन बुझाएको छ । संसद्मा दर्ता भएको विधेयकमा संशोधन परेपछि पूर्वकानुनमन्त्री ध्रुवबहादुर प्रधानको संयोजकत्वमा कानुन समितिले उपसमिति बनाएको थियो ।

(बाँकी पृष्ठ ३ मा)

### यौनजन्य हिंसाको उजुरी दिन तीन महिना

सशस्त्र द्वन्द्वकालमा जबर्जस्ती करणी र गम्भीर यौनजन्य हिंसामा परेकाले पीडकविरुद्ध उजुरी दिन पाउने भएका छन् । संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिले सशस्त्र द्वन्द्वकालमा यौनहिंसामा परेका व्यक्तिविरुद्ध उजुरी दिन तीन महिनाको समय प्रबन्ध गर्ने विषयमा सहमति जुटेको हो ।

'अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एकपटकका लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्नेछ,' मंगलबार उपसमितिले बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

एक प्रतिवेदनमा उल्लेखित विवरणअनुसार द्वन्द्वकालमा करिब तीन हजार महिला बलात्कारमा परेको जनाइएको छ । उनीहरूले लामो समयदेखि घटना छानबिनका लागि विशिष्टीकृत एकाइ गठनको माग गर्दै आएका छन् ।

सन्दर्भ : वैदेशिक रोजगार

# युद्धका कारण इजरायल जानबाट रोकिए नेपाली कामदार

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)को रूपमा काम गर्न भिसा पाएका २४ जना कामदार युद्धका कारण रोजगारीमा जानबाट रोकिएका छन् । रोजगारीका लागि भिसा प्राप्त गरिसकेका कामदारको उडान तालिका बुधबार (आज) भए पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायलमा हालको संकटपूर्ण अवस्थामा कामदारलाई पठाउन नसकिने भन्दै रोक लगाएको हो ।

नेपाल र इजरायलबीच भएको जिटुजी श्रम सम्झौताअनुसार केयर गिभरमा छनोट भई भिसा प्राप्त गरी उडानको तयारी अवस्थामा रहेका कामदारहरूलाई इजरायलमा हमास समूहले गरेको आक्रमणका कारण पठाउन नसकिएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । 'इजरायलको हालको संकटपूर्ण अवस्थामा उडान तालिकाबमोजिम उडान प्रतीक्षामा रहेका कामदारहरूलाई इजरायलको यात्रा नगर्न एवं इजरायलको शान्ति सु-व्यवस्था सामान्य भएपश्चात् वैदेशिक रोजगारसम्बन्धी थप कारबाही अगाडि बढाउने निर्णय भएको छ,' मन्त्रालयका शाखा अधिकृत धनञ्जयकुमार शाहले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मन्त्रालयले प्यालेस्टाइनी हमास समूहको आक्रमणमा परेर इजरायलमा १० जना नेपाली विद्यार्थीसहित ठूलो संख्यामा इजरायली र अन्य नागरिकको ज्यान गएको विषम् परिस्थितिमा इजरायलको यात्रा नगर्न पनि आग्रह गरेको छ । त्यस्तै जोखिमयुक्त क्षेत्रमा रहेका लगभग सबै नेपालीलाई सुरक्षित ठाउँमा सारिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । इजरायलमा विषम् परिस्थिति सिर्जना भएपछि आफ्नो नागरिकको खोजी गर्ने क्रममा चार हजार ५०० नेपाली केयर गिभरको रूपमा कार्यरत रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । पछिल्लो समय झण्डै १२ सय नेपाली जिटुजी सम्झौता गरेयता सरकारी तवरबाट रोजगारीका लागि इजरायल पुगेका छन् ।

परराष्ट्रका अनुसार २६५ जना नेपाली विद्यार्थी विद्यार्थी 'लर्न एण्ड अर्न' कार्यक्रम अन्तर्गत इजरायल पुगेका छन् । जसमध्ये १० जनाको आक्रमणमा परेर मृत्यु भएको छ भने पाँच जना गम्भीर घाइते भएका छन् । इजरायलमा भएको आक्रमणका कारण दीर्घकलीन स्याहार केन्द्रमा काम गर्न थप ५०० जना कामदारको माग भई आए पनि प्रभावित हुन पुगेको वैदेशिक रोजगार विभागले जनाएको छ ।

इजरायलमा एक दशकअघिसम्म म्यानपावरमार्फत कामदार जाने गरेकोमा २०७७ असोज १४ गते नेपाल र इजरायलबीच जिटुजी सम्झौता गरी सहायक कामदार पठाउन थालिएको छ । यसअघि कठिनाइका बावजुद गैरकानुनी बाटो प्रयोग गरी नेपालीहरू इजरायल जाने गरेका थिए । आकर्षक आम्दानी हुने मुलुकको रूपमा रहेको इजरायलमा केयर गिभरमा जाने कामदारले मासिक न्यूनतम तलब एक हजार ५०० डलर पाउने बताइन्छ ।

## साउदीमा थप ९१ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ९१ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । रियादस्थित नेपाली राजदूतावासको पहलमा साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ९१ जनालाई एक्जिट भिसा दिएको हो ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छाडिसक्नुपर्ने दूतावासले जनाएको छ । नेपाली श्रमिकहरूको बाक्लो उपस्थिति रहेका दमाम क्षेत्रबाट प्रक्रिया अगाडि बढाएका उनीहरूलाई एक्जिट भिसा दिइएको दूतावासले उल्लेख गरेको छ । एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा रकम बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ । त्यस्तै अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।

# 'लाइसेन्स'विना जग्गा कारोबार गरे २५ लाख जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** जग्गा कारोबारीमा कडाइ गर्न संसदीय उपसमितिले कानुन, न्याय तथा मानवअधिकार समितिसामु प्रस्ताव पेस गरेको छ । सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई निचोडमा लैजान गठन भएको उपसमितिले मंगलबार प्रतिवेदन बुझाउँदै उक्त प्रस्ताव पेस गरेको हो ।

यसअघि तत्कालीन कानुनमन्त्री ध्रुवबहादुर प्रधानले २०७९ माघ २७ गते संसद्मा पेस गरेको विधेयकमा इजाजत नलिई जग्गा कारोबार गर्नेलाई १० लाख रूपैयाँ जरिवानाको प्रस्ताव गरिएको थियो । कानुन समितिले रञ्जुकुमारी झाको संयोजकत्वमा गठन गरेको उपसमितिले जग्गा कारोबारमा हुने अनियमितता रोक्न कडा कानुन ल्याउनुपर्ने सुझावसहित यो प्रस्ताव पेस गरेको हो । उपसमितिले इजाजतपत्र नलिई जग्गा कारोबार गर्नेलाई छ महिना जेल र २५ लाख रूपैयाँ जरिवानाको प्रस्ताव गरेको हो ।

- इजाजतपत्र नलिई जग्गा कारोबार गर्नेलाई छ महिना जेल र २५ लाख रूपैयाँ जरिवाना
- ५० करोडभन्दा बढी सेयर पुँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्नुपर्ने
- कुनै पनि कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न नपाउने
- उपसमितिमा भएको यो सहमति कानुन समिति हुँदै संसद्का दुवै सदनले पारित गर्नुपर्छ

संशोधनका लागि संसद्मा पेस गरिएको मालपोतसम्बन्धी ऐनको दफा २६ को (ङ) मा भनिएको छ, 'कसैले इजाजतपत्र नलिई घरजग्गासम्बन्धी कारोबार गरेमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा इजाजतपत्रको सर्तविपरीतको कुनै कार्य गरेमा वा इजाजतपत्र दिने अधिकारीले दिएको निर्देशन पालना नगरेमा इजाजतपत्र दिने अधिकारीले त्यस्तो व्यक्तिलाई कारोबारको बिगो खुलेकोमा बिगोबमोजिम र बिगो नखुलेकोमा १० लाख रूपैयाँ जरिवाना गर्न सक्नेछ ।'

उपसमितिको प्रतिवेदनमा भने सजाय थप गर्न सुझाएको छ । उपसमितिको प्रतिवेदनको बुँदा ३ को २ मा ऐनको दफा २६ को (ङ) बारे भनिएको छ, 'कसैले इजाजतपत्र नलिई घरजग्गा कारोबार गरेमा कारोबारको बिगो खुलेकोमा बिगो र बिगो नखुलेकोमा २५ लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।' व्यक्ति व्यक्तिबीच हुने जग्गा कारोबारमा भने उपसमिति मौन बसेको छ ।

उपसमितिले संशोधन हालेका ३४ सांसदहरू र विज्ञको राय सुनेर सजाय थप गरिएको संयोजक रञ्जु झाले बताइन् । संसदीय समितिमा छलफल गर्दा ढिला हुने देखिएपछि कानुन समितिले भदौ १९ गते ११ सदस्यीय समिति बनाएर सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयकमा दफावार छलफल चलाएको थियो ।

(बाँकी पृष्ठ ५ मा)

सामुदायिक कुकुर व्यवस्थापन अभियान

# करिब ६ हजार कुकुरको बन्ध्याकरण गर्दै कामपा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले मंगलबारदेखि सामुदायिक कुकुर नियन्त्रणका लागि बन्ध्याकरण अभियान सुरु गरेको छ । कुकुर व्यवस्थापन हुन नसकेको गुनासो आउन थालेपछि कामपाले बन्ध्याकरण र रेबिजविरुद्धको खोप अभियान सुरु गरेको हो ।

मंगलबारदेखि कामपाको वडा नं. ४, ७, ९, ११, १४, १५, २५, ३१ र ३२ बाट सुरु गरिएको अभियानमा पाँच हजार ८०० कुकुरको स्थायी बन्ध्याकरण र १६ हजारलाई रेबिजविरुद्ध खोप दिने योजना रहेको कामपा कृषि विभाग प्रमुख डा.अवधेश झाले जानकारी दिए ।

उनका अनुसार आउँदो तीन महिनाभित्र पाँच हजार ८०० कुकरको बन्ध्याकरण र १६ हजारलाई रेबिजविरुद्धको खोप दिने योजना छ। विगतका वर्षमा पनि यस किसिमको काम गरिएको भए पनि प्रभावकारी नभएको भन्दै यस वर्ष कार्यविधि नै बनाएर काम सुरु गर्न लागिएको प्रमुख डा. झाले जानकारी दिए ।

विभिन्न नौ संघसंस्थाको सहकार्यमा गर्न लागिएको यो कार्य दैनिक २०० कुकुरको बन्ध्याकरण गर्ने लक्ष्यका साथ काम अघि बढाइएको छ। यसका लागि दैनिक ५० जनाको विभिन्न समूह खटिने भएको छ ।

कुकुरको अनियन्त्रित प्रजनन् हुन नदिन गरिने स्थायी बन्ध्याकरण, कुकुरको संख्या नियन्त्रणको सबैभन्दा महत्त्वपूर्ण र प्रभावकारी विधि हो । शल्यक्रियामार्फत गरिने बन्ध्याकरण स्थायी हुने, भाले र पोथी दुवै कुकुरका लागि उपयोगी हुने हुनाले यो सबैभन्दा धेरै प्रयोग हुने विधि रहेकाले कामपाले सोही विधि अपनाएको जनाइएको छ ।

'सामुदायिक कुकुरको व्यवस्थापनको प्रमुख उद्देश्य र विधि भनेको कुकुरको संख्या नियन्त्रण गर्नु नै भएको र यसबाट उनीहरूले निम्त्याउने समस्या कम गर्दछ,' प्रमुख झाले भने । हाल कामपामा २२ हजार सामुदायिक कुकुर रहेको अनुमान गरिएको छ । बिहान दिउँसो अथवा उज्यालोमाभन्दा बढी साँझ र बेलुकी सामुदायिक कुकुरहरू बढी आक्रामक हुने गर्दछन् । रोगी/अपांगता भएका वा अन्य समस्या भएपछि घरपालुवा कुकुरलाई मालिकहरूले घर निकाला गर्ने सडकमा ल्याई छाड्ने चलन र सडकमा रहेका कुकुरको अनियन्त्रित प्रजननले गर्दा पछिल्लो समय सामुदायिक कुकुरको संख्या बढ्ने गरेको बताइएको छ ।

नेपालको मुलुकी अपराधसंहिता २०७४ बमोजिम कसैले पशुपक्षीलाई कुटी, हिर्काइ, बोक्न नसक्ने गरी भारी बोकाई वा हानिकारक वस्तु सेवन गराएमा वा अन्य प्रकारको यातना दिएमा पशुपक्षीप्रति निर्दयी व्यवहार गरेको मानी तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

# डेंगी संक्रमण नियन्त्रणमा

**काठमाडौं–** डेंगी भाइरसको संक्रमण कम हुँदै गएको छ । अंग्रेजी महिनामा अगस्ट (साउन १६ देखि भदौ १४ गतेसम्म) मा बढेको डेंगी संक्रमण सेप्टेम्बर महिना (भदौ १५ देखि असोज १३ गतेसम्म)मा घटेको पाइएको हो ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले स्थानीय तहले सजकता अपनाउँदा र लार्भा खोज र नष्ट गर अभियान सञ्चालन हुँदा संक्रमण फैलिन नपाएको बताए । 'हामीले भदौ र असोजमा डेंगी संक्रमण बढ्ने प्रक्षेपण गरेका थियौं,' उनले भने, 'स्थानीय तह र सर्वसाधारणले लामखुट्टेका लार्भा नियन्त्रणमा खेलेको भूमिकाले गर्दा संक्रमण बढ्न पाएन ।'

सुनसरी जिल्लाबाहेक अन्य जिल्लामा डेंगी नियन्त्रणमा रहेको उनको भनाइ छ । यस वर्ष अहिलेसम्म ३५ हजार २२३ जना डेंगी संक्रमणबाट बिरामी भएका छन् । ७६ जिल्लामा डेंगी संक्रमण फैलिँदा २० जनाको ज्यान गएको छ ।

सन् २०२२ मा ५४ हजार ७८४ जनामा संक्रमण र ८८ जनाको मृत्यु भएको थियो । गत अगस्तमा १३ हजार ८४० संक्रमण देखिएकामा सेप्टेम्बरमा ११ हजार ५६६ संक्रमण देखिएका छन् । गत वर्ष सन् २०२२ मा अगस्टमा तीन हजार ७०८ र सेप्टेम्बरमा २७ हजार ५२९ जनामा डेंगी संक्रमण देखिएको थियो ।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भई टोकेपछि डेंगी रोग लाग्ने गर्दछ । महाशाखाले भदौ र असोजमा डेंगी संक्रमण बढ्ने प्रक्षेपण गरेको थियो । तर सतर्कता अपनाउँदा सोअनुसार बढ्न नपाएको महाशाखाले जनाएको छ ।

### सुनसरीमा मात्र १६ हजारभन्दा बढी संक्रमित

संक्रमण देखिएकामध्ये जिल्लामा सुनसरीमा अगाडि देखिएको छ। महाशाखाका अनुसार सुनसरीमा १६ हजार ८० जनामा डेंगी संक्रमण देखिएको छ। झापा तीन हजार ५६२, धादिङमा तीन हजार १२३, तनहुँमा तीन हजार १२१ जना मोरङमा दुई हजार २७३, कास्की ७७२, काठमाडौंमा ७६४, संखुवासभामा ५२६, कैलाली ४८० र धनकुटामा ४४५ जनामा संक्रमण देखिएको छ। *रासस*

# यस वर्ष ८८.५ प्रतिशत मनसुनी वर्षा

काठमाडौं (प्रस)- नेपालमा यस वर्ष मनसुन अवधिमा ८८.५ प्रतिशत वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुनको अवधि जुनदेखि सेप्टेम्बर महिना अर्थात् चार महिनाको अवधिमा सरदरभन्दा कम वर्षा भएको छ।

नेपालमा मनसुन अवधिमा सरदर एक हजार ४७२ मिलिमिटर वर्षा हुने गरेकामा यसवर्ष मनसुन अवधिमा एक हजार ३०३ मिलिमिटर वर्षा भएको छ। विभागका मौसमविद् सुदर्शन हुमागाईंले आकलन गरेअनुसार यस वर्षको मनसुन सरदरभन्दा कम वर्षा भएको बताए । उनले सरदरभन्दा कम वर्षा हुने आकलन गरिए पनि जोमसोममा २१०.७ मिलिमिटर वर्षा भएको छ, जुन सरदरको १३३.५ प्रतिशत हो ।

त्यस्तै काठमाडौंमा एक हजार २८३ मिलिमिटर वर्षा भएको छ । जुन सरदरको १० ९ प्रतिशत हो । काठमाडौंमा मनसुन अवधिमा सरदर एक हजार १७६.४ मिलिमिटर वर्षा हुन्छ । त्यसैगरी ओखलढुंगामा एक हजार ४९२.१ मिलिमिटर वर्ष भएको छ, जुन सरदरको १७ प्रतिशत हो । यसपालि जनकपुरमा सरदरको आधा हाराहारी वर्षा भएको छ । यस वर्ष ६३७.१ मिलिमिटर वर्षा मापन गरिएको छ। जनकपुरको सरदर वर्षा एक हजार १९५.८ मिलिमिटर हो ।

### मनसुन पूर्णरूपमा बाहिरिन अझै केही दिन लाग्ने

नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशको पश्चिमी भू-भाग भएर यही असोज १९ गते यस वर्षको मनसुन बाहिरिए पनि देशका अन्य भू-भागमा मौसम कायमै रहेको छ। बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

नेपालको पूर्वी तथा मध्य भू-भागमा मनसुनी वायुका साथै पश्चिमी वायुको आंशिक असर रहेकाले अझै एक/दुई दिन देशका कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटयांङसहित हल्का वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ । महाशाखाका मौसमविद् गंगा नगरकोटीका अनुसार नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिन अझै केही दिन लाग्नेछ । 'देशको पूर्वी र मध्य भागमा मनसुन कायमै रहेकाले बदली र हल्का वर्षाको सम्भावना छ,' उनले भने ।

नेपालमा मनसुन बहिर्गमनको औसत मिति अक्टोबर २ तारिख भए पनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिएको हो । बंगालको खाडीको उत्तर-पश्चिम भागमा विकास भएको न्यूनचापीय क्षेत्रको असरले मनसुन बहिर्गमनमा ढिलाइ भएको थियो । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो । यस वर्ष सरदर मितिभन्दा एक दिन ढिलो अर्थात् जुन १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो ।

---

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
## वैदेशिक रोजगार विभागको
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **अल एशिया ओभरसिज प्रा.लि. (ई.प.नं.१३०५)** को साविक **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०७** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

---

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०६/२४)

तपशिलमा उल्लिखित ऋणीले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

**ऋणीहरू : मन्जु देवी राम मोची र अजय राम**
ठेगाना : इटहरी ०६, सुनसरी

**(क) मन्जु देवी राम मोची**
(ना.प्र.नं. ७६७, मिति २०५८/०१/११ जि.प्र.का. सप्तरीबाट जारी भएको)
बाबु : मोहन राम मोची
पति : फनिलाल राम मोची
ससुरा : अवाधी राम

**(ख) अजय राम**
(ना.प्र.नं. ०६-०१-६१-११०४१, मिति २०६९/१०/२८ जि.प्र.का. सुनसरीबाट जारी भएको)
बाबु : फनिलाल राम
बाजे : अवाधी राम

**व्यक्तिगत जमानीकर्ताहरू :**

**१. कविता राम**
(ना.प्र.नं. ८३६२०, मिति २०६१/०८/१० जि.प्र.का. मोरङबाट जारी भएको)
बाबु : भोलाराम मोची
पति : विजय कुमार राम
ससुरा : फनिलाल राम

**२. विजय कुमार राम**
(ना.प्र.नं. ०६१००५/१२८८०५, मिति २०६५/०३/२४ जि.प्र.का. सुनसरीबाट जारी भएको)
बाबु : फनिलाल राम
बाजे : अवाधी राम

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

---

## मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भे लि को नामबाट ऋणी श्री विजय गुरुङ नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/०६/०९ गते का.जि. कामनपा वडा नं. ९ बत्तिसपुतली स्थित पार्किङ गरिराखेको अवस्थामा बेलुकाको १६:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनुहोला ।

प्रकार – Pulsar-200CC NS
बाई नं. बाग्मती प्रदेश -०२-०४१ प ७७८६
चेसिस नं. MD2A36FH2HLE81262
इन्जिन नं. JIXCEE81727
रङ्ग – GREY

---

## State of Qatar Residency Permit Loss

मिति २०८०/०६/२० गते बौद्धदेखि चावहिल सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली Qatar Residency Permit प्रमाणपत्र सहित हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम थर : **तारा थिङ**
दर्ता नं : **२८९५२४५१६०५**
ठेगाना: **बौद्ध, काठमाडौं, नेपाल**
फोन नं : **९८१०२२२५९२**

---

# Darma Rural Municipal
## Office Of The Rural Municipal Executive
**Pharulachaur, Salyan**
**Karnali Province, Nepal**

## Invitation for bid

First date of publication: 2080/07/24(11th,oct,2023)

1. ***Darma Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for the following contract.

| S.N. | Contract No. | Description of Works | Estimated cost(w/o VAT) | Cost of bid Documents (NRs) | Minimum bid security amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/ W/B/07/2080/081 | Construction of ward no.1 office Building | 1,09,06,938.84 | 3,000.00 | 3,11,000.00 | |
| 2. | DRM/NCB/ W/B/08/2080/081 | Construction of Ne.Ra. Ma.Vi Dhakadamkot school Building . | 1,26,90,843.24 | 3,000.00 | 3,63,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipali,.Pharulachaur,Salyan, Tel.ph. No. : 9857855655, 9847911584, e-mail: ito.darmamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | **:** | **Nabil Bank ltd.** |
| **Name of Office** | **:** | **Darma Rural Municipality** |
| **Revenue Account no** | **:** | **07301017500275** |
| **Revenue shirshak no** | **:** | **14529** |

4. Pre-bid meeting shall be held at ***Office of the Darma Rural Municipality*** at ***13:00 hours ,2080/07/14*** .
5. electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 hours*** on ***2080/07/24*** . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hour 0n 2080/07/24*** at the office of ***Darma Rural Municipality,Pharulachaur,Salyan***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   Name of the Bank: Nabil Bank Ltd..
   Name of Office: Darma Rural Municipality
   Dharauti Account no.: 07301017500290
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered in this notice shall be treated in accordance with prevailing acts and regulations.

**Chief Adminstrative Officer**
**Darma Rural Municipal**

## चार...

पृष्ठ १ बाट जारी

उपसमितिका संयोजक प्रधान भ्रमणको सिलसिलामा विदेशमा रहेकोले उपसमितिका सदस्य रमेश लेखकले मंगलबार प्रतिवेदन पेस गरेका हुन् । यद्यपि चार विषयमा उपसमिति निचोडमा पुग्न सकेन ।

उपसमिति सदस्य तथा कांग्रेस संसदीय दलकी सचेतक सुशीला थिङका अनुसार मानवअधिकारको गम्भीर उल्लंघनमा समावेश भएको स्वेच्छाचारी र क्रुरतापूर्वक (आर्बिट्रारी) गरिएको हत्या, दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने भन्नेमा सहमति जुट्न नसकेको हो ।

त्यसैगरी सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने र मानवअधिकार उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने विषयमा पनि उपसमिति अनिर्णित भयो ।

घटी सजाय सम्बन्धमा आधार, कारण खुलाएर गर्ने कि प्रतिशत भन्ने अर्को विषयमा पनि उपसमितिले सहमति जुटाउन नसकेको थिङले बताइन् । उनले मूलभूत चार विषयमा समितिले नै टुंगोमा पुऱ्याओस् भन्ने पनि उपसमितिले चाहेको बताएकी छन् । 'यो प्रतिवेदन हात्ती छिऱ्यो पुच्छर अड्कियो भनेजस्तै भयो,' प्रतिवेदनबारे छलफलमा कानुनमन्त्री धनराज गुरुङले भने ।

समितिले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्नुअघि शीर्ष नेताहरूको राय लिने भएको छ । उपसमितिले टुंग्याउन नसकेको चार मुख्य विषयमा शीर्ष राजनीतिक संवादको खाँचो औंल्याएको छ । विधेयक भने गत वर्षको २५ फागुनमा संसद्मा दर्ता भएको हो । अझैसम्म विधेयक पारित भएकै छैन । कारण, दलहरूबीच विधेयकमा उल्लेखित प्रावधानबारे सहमति नजुट्नु हो । उपसमितिले सहमति जुटाउन लामो समय प्रयास पनि गरेको हो । यद्यपि, मुख्य चार विषय अनिर्णित राखेर उपसमितिले मंगलबार प्रतिवेदन बुझाएको हो ।

उपसमितिमा सांसदहरू महेशकुमार बर्तौला, रमेश लेखक, जीवन परियार, सुशीला थिङ, सन्तोष परियार, गोमा लाभ सापकोटा, पूर्णबहादुर घर्ती, रञ्जुकुमारी झा, ध्रुवबहादुर प्रधान र शेरबहादुर कुँवर छन् । समिति सदस्य सुवासचन्द्र नेम्बाङको भने निधन भइसकेको छ ।

एमाले सचेतकसमेत रहेका उपसमिति सदस्य बर्तौलाका अनुसार संसदीय उपसमितिले सहमतिमै 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक'को प्रतिवेदन तयार पारेको हो र सहमतिमै चारवटा विषयमा थप छलफल गर्न सुझाएको हो ।

तर, शीर्ष राजनीतिक नेतृत्व तहमा सहमति जुट्छ कि जुट्दैन ? यसै भन्न सकिने अवस्था छैन । किनभने प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली विधेयकमा माफीको विषय समेट्न नहुने पक्षमा छन् । द्वन्द्वकालीन घटनाहरूलाई राजनीतिकभन्दा पनि उनी आपराधिक भनिरहेका छन् । त्यही भएर फागुन १ गते मनाइने 'जनयुद्ध दिवस'को उनले विरोध गरिरहेका छन् । उक्त दिवस हटाउन उनको माग छ । यस आधारमा पनि उनी संसदीय उपसमितिले सुझाएको चारवटै विषयमा कठोर हुन सक्ने ठानिएको छ ।

ओलीकै दलका सचेतक बर्तौला भने शीर्ष राजनीतिक नेतृत्वहरूबाट जसरी पनि सहमति हुनुपर्छ । 'विधेयक पारित गरेर संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन एमाले प्रतिबद्ध छ तर चार विषयमा सहमति जुट्न सकेको छैन,' उनले भने, 'शीर्ष नेतृत्वहरूले सहमति छिटो गर्नुपर्छ ।'

उपसमितिले राष्ट्रसंघका महासचिव गुटेरेस यही २६ गते नेपाल भ्रमणमा आउने र २७ गते संघीय संसद्लाई सम्बोधन गर्ने कार्यक्रम तय भएपछि विधेयकमा सहमति जुटाउन 'वर्कआउट' गरेको हो । तर, गुटेरेसको भ्रमण अन्तिम समयमा आएर स्थगित भएको छ ।

दसैंअघि नै विधेयक पारित गर्ने पक्षमा सरकार छ । तर, दसैंअघि बढीमा चारवटा बैठक बस्न सक्छ । २८ असोजमा त दसैंअन्तर्गत घटस्थापना छ । त्यसअघि नै विधेयक पारित गरिए शान्ति प्रक्रियाका बाँकी कार्यभार भनिएको संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुऱ्याउन सहज हुने बताइन्छ । सरकारलाई छिटो विधेयक पारित गरेर ऐनको रूप दिन अन्तर्राष्ट्रिय समुदायको दबाब पनि छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गुरुङले विधेयक महत्त्वपूर्ण भएको र विधेयक पारित गर्न ढिला हुँदा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन समस्या भएको बताए । उनले विधेयकमा शीर्ष नेताहरूको राय लिने विषय पनि स्वाभाविक र आवश्यक भए समितिले त्यसो गर्न सक्ने दाबी गरे ।

माओवादी द्वन्द्व सुरु भएको १ फागुन २०५२ मा हो । द्वन्द्वको अन्त्य भने ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौतामार्फत भएको हो । शान्ति स्थापना भएको १७ वर्ष हुँदासम्म अझै संक्रमणकालीन न्याय प्रक्रिया जस्ताको तस्तै छ । द्वन्द्वपीडितहरू लामो समयदेखि न्यायको पर्खाइमा छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगमा द्वन्द्वपीडितहरूको उजुरीको चाङ छ । न्यायका लागि भौतारिहनेहरूको ठूलो संख्या छ । तर, अझैसम्म संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित हुन सकेको छैन । जसका कारण द्वन्द्वपीडित परिवारहरू अन्यायमै छन् । तर, प्रधानमन्त्री पुष्पकमल दाहालले भने १० पुस २०७९ मा पद तथा गोपनीयताको शपथ ग्रहण गरेपछि संक्रमणकालीन न्याय प्रक्रिया आफ्नो नेतृत्वको सरकारको पालामा टुंगोमा पुऱ्याउन चाहेको बताएका थिए ।

### आयोगको म्याद थप चार वर्ष !

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको म्याद चार वर्ष हुने भएको छ । यसमा राजनीतिक दलहरू सहमत भइसकेका छन् ।

यसअघि आयोगको कार्यकाल पहिले दुई वर्ष थियो । संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा पनि आयोगको कार्यकाल दुई वर्ष बनाउन सरकारले सिफारिस गरेको थियो ।

## इजरायली...

पृष्ठ १ बाट जारी

आफ्नो मन्त्रालयले तेलअबिबस्थित नेपाली राजदूतावाससँगका समन्वयमा इजरायलमा रहेका नेपालीको विवरण संकलन गरिरहेको तथा घर फर्कन चाहनेहरूको पूर्ण विवरण तयार भएपछि सहजीकरणका लागि पुनः इजरायल सरकारसँग आग्रह गर्ने जानकारी मन्त्री साउदले आफ्ना समकक्षी कोहेनलाई दिएका थिए ।

प्रत्युत्तरमा इजरायलका विदेशमन्त्रीले नेपाल सरकार, नेपाली जनता र मृतकका परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दै आतंकवादीका कारण आफ्नो देश कठिन अवस्थामा रहेको जानकारी मन्त्री साउदलाई दिएको मन्त्रालयले बताएको छ ।

मन्त्री कोहेनले १० जना नेपाली नागरिकको शव नेपाल पठाउन, इजरायलमा रहेका नेपालीको सुरक्षा सुनिश्चित गर्न तथा स्वदेश फर्कन चाहने नेपालीलाई इजरायल सरकारले उच्च प्राथमिकताका साथ सहयोग गर्ने बताएको उक्त मन्त्रालयले जनाएको छ ।

---

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२४ गते)

जुक्ति बल्लभ उपाध्यायको नाति, चक्रपाणी उपाध्याय/कलावती उपाध्यायको छोरा, साधना देवी पौडेलको श्रीमान बाग्लुङ जिल्ला, साबिक रोम्टा गा.बि.स.वडा नं. ०५, भई हाल बाग्लुङ नगरपालिका वडा नं. ०३, भक्ति विलास पौडेलको मिति २०७९/११/१८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गोंगबु शाखामा रहेका भक्ति विलास पौडेलको खाता नं. ०१००००८८७०४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको छोरा बिरेन्द्र पौडेलले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय गोंगबु, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय गोंगबु, काठमाडौं फोन नं. ०१-४९८५४५६, ०१-४९८५८०९

---


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL JALAHMA CONSTRUCTION COMPANY**
पूर्व स्वीकृति मिति २०७९/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/२३ | LT. No. 284013 | चलानी नं. ६०१९९४०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1000 | ३५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : HUSSEIN ALI AL-SAUD COMPANY FOR UNIFORMS**
पूर्व स्वीकृति मिति २०८०/०६/२२ | LT. No. 293782 | चलानी नं. ६०२०८९८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AMEED AL ADWAA GENERAL CONTRACTING**
पूर्व स्वीकृति मिति २०८०/०६/२२ | LT. No. 293780 | चलानी नं. ६०२०८९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Fitter | 4 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : TASTE OF LORD MEAL CATERING COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०६/२२ | LT. No. 293810 | चलानी नं. ६०२०८९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Cleaner | 2 | 0 | 1000 | ३५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RAW SILK TAILOR FOR MEN'S TAILORING**
पूर्व स्वीकृति मिति २०८०/०६/२२ | LT. No. 293781 | चलानी नं. ६०२०८९७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : VCS COPPER INDUSTRY SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२३ | LT. No. 270889 | चलानी नं. ६०१८६८०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


---

## Jayaprithivi Municipality
### Office of Municipal Executive
**Chainpur, Bajhang**

**Invitation for Bids**

**Date of publication: 11-10-2023**

1. The Jayaprithvi Muncipality has allocated funds towards the cost of **Khuddiyun irrigation Canal Construction** Work and intends to apply part of the funds to cover eligible payments under the Contract for Khuddiyun irrigation Canal Construction Work **Contract No: JPM-04-2080/081)**. Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Jayaprithivi Municipality, Bajhang invites electronic bids from eligible bidders for the construction of RCC Canal construction and Gabion works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   **Only eligible bidders with the following key qualifications should participate in this bidding:** Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 35 Million. Minimum Work experience of similar size and nature: 20 Million.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information from the office of Jayaprithivi Municipality, Bajhang, Chainpur, Bajhang, Sudoor Pachism Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (**Rs 5000** ) till **10-11-2023 12:00** in the Project's Rajaswa (revenue) account as specified below
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Ltd.
   Name of the Office: Jayaprithivi Municipality, Bajhang Office
   Code no: 801077001 Office Account no: 4110100301010004 Rajaswa (revenue)
6. Pre-bid meeting shall be held at Jayaprithivi MunicipalityOffice,Bajhang at **03-11-2023 02:00 hours.**
7. Electronic bids must be submitted to the office Jayaprithivi Municipality, Chainpur, Bajhang, Sudoor Pachism Province through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **10-11-2023 12:00.** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **10-11-2023 14:00 hours** at the office of Jayaprithivi Municipality Office,Bajhang . Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of E-bid, amounting to a minimum of **NRs. 700000 which shall be valid for 30 days** beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

---


## ZERO COST RECRUITMENT Opportunity For Qatar !!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food**

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: COMPASS CATERING SERVICES WLL.**
**कम्पनी : कम्पास क्याटरिङ सर्भिसेस डब्लुएलएल**

Pre Approval Date : 2022-12-20 | Post Approval Date : 2023-10-09 | LT. No.277991 | Invoice No. 60193566
पूर्व स्वीकृति मिति : २०७९/०९/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२२ | एल टि न. २७७९९१ | चलानी नं. ६०१९३५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 0 | 4 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**The interview will be conducted in the office on October 16, 2023.**
**अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते हुनेछ ।**

**नोट:** आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर २४ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 24 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने — Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने — How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं । आवेदकको उमेर कम्तीमा पनि २४ भन्दा माथि हुनुपर्नेछ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

**यसै कम्पनीबाट छिट्टै Waitress / Handler को समेत माग भइरहेकोले परामर्शको लागि सम्पर्क गर्नु होला ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmationfirm that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE — श्रम ईजाजत नं. ८२२/०६६/०६७
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839
9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी :SYNTECH PRECISION & ENGINEERING SDN. BHD.**
पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/२३ | LT. No.270769 | चलानी नं.६०१८६७७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६३३/०६३/०६४
**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654
E-mail: ziaintls@gmail.com


---

सुदूरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
### पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशितमिति २०८०/०६/२४

यस निर्देशनालयको चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम निम्न उल्लेखित निर्माण कार्यका लागि तपशिल: वमोजिमको फर्म/ कम्पनीले पेश गरेको दरभाउपत्र स्वीकृत भएको सार्वजनिक खरिद नियमावली २०६४(वाह्यौं संशोधन समेत) को नियम ८४ को उपनियम १० वमोजिम दरभाउपत्र पेश गर्ने सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

| सि.नं. | ठेक्का नं. | छनौट भएको वोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत भएको फर्म/ कम्पनीको नाम ठेगाना | कबोल अंक (मू.अ.कर वाहेक) |
|---|---|---|---|---|
| 1. | 02/DOLFD /2080/081 | Construction of Boundry Wall, earth Filling & Shade For Generator at Directorate of Livestock and Fisheries Development Center Geta, Kailali | श्री सिद्धि निर्माण सेवा धनगढी, कैलाली | ९,४९,५८५.६० NRS |

**Director**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## महँगी नियन्त्रण र खाद्यवस्तुको सहज आपूर्ति गर

चाडपर्व आएसँगै खाद्यवस्तुदेखि कपडाहरूमा भाउ अनियन्त्रित हुन्छ । केही अतिआवश्यक सामानमा कृत्रिम अभाव देखाएर मूल्य बढाउने चलखेलसमेत हुन्छ । यसरी अस्वाभाविक रूपमा मूल्यवृद्धि भएको खाद्यवस्तु हो, चिनी । केही दिनअघिसम्म किलोको १०० रूपैयाँमा कारोबार भइररहेको चिनीको मूल्य अहिले उकालो लागेर १५० रूपैयाँ पुगेको छ ।

भारतीय सीमामा ६० नेपाली रूपैयाँमा पाइने चिनी नेपालमा भने झण्डै तेब्बर रूपैयाँमा किन्न बाध्य छन् नेपाली । चाडको छेकोमा अभाव सिर्जना गरेर लुट्ने व्यापारीको 'निञ्जा टेक्निक' नै हो । सरकारले साल्ट ट्रेनिङ र नेपाल खाद्य संस्थानमार्फत सहुलियत दरमा उपलब्ध गराएको चिनी पनि बजारमा पाउन मुश्किल छ ।

चाडपर्वमा चिनी किन यसरी अभाव हुन्छ ? व्यापारीको सहज जवाफ हुने गर्छ– उपभोक्ताले धेरै खपत गर्ने समय यही नै हो । त्यसैले अभाव त हुन्छ नै । झट्ट सुन्दा व्यापारीको कुरा ठीक हो कि जस्तै सुनिन्छ । तर, वास्तवमा व्यापारीले नै उपभोक्तालाई 'उल्लु' बनाइरहेका हुन्छन् । सुरुमा व्यापारीहरूले सस्तो भएको बेलामै चिनी किनेर आफ्नो गोदाममा थन्क्याउँछन् । त्यसपछि चाड सुरु हुनसाथ बजारमा चिनीको कृत्रिम अभाव सिर्जना गर्छन् । जसकारण उपभोक्तालाई सामान पाउन मुश्किल हुन्छ । अर्कोतिर सरकारले उपलब्ध गराएको सहुलियत दरको चिनी किन्न पनि उनीहरू लाइन बस्छन् । अहिले सहुलियत पसलमा चिनी प्रतिकेजी ९७ रूपैयाँमा पाइन्छ । पसलमा १५० रूपैयाँ । व्यापारी सहुलियत पसलमा लाइन लागेर चिनी उठाउने गर्छन् । सर्वसाधारणलाई लाइनमा उभिने फुर्सद हुन्न, किनभने उनीहरू काममा पुग्नुपर्ने हुन्छ । झट्ट पसल पुगी फट्ट फर्कनुपर्ने हुँदा सर्वसाधारण महँगोमा फस्छन् । मौकामा चौका दाउ हान्ने व्यापारीको यो प्रवृत्तिलाई सरकारका उच्च पदस्थ कर्मचारीदेखि राजनीतिक नेतृत्वकोसमेत साथ रहने कुरा 'ओपन सेक्रेट' नै हो । क्रान्ति गरेर आएका नेतादेखि पपुलिस्ट बनेर जितेका जनप्रतिनिधि पनि यो काम रोक्न दाँतबाट पसिना निकालेसरह गर्छन् ।

यस्तो महँगी र अभावमा सर्वसाधारण पनि यस्तो नेताहरू सम्झन्नन् । बरु निरीह भएर महँगोमै सामान किन्न लाचार छन् । यद्यपि महँगी नियन्त्रण र व्यापारीको चलखेल नियन्त्रण सरकारको दायित्व हो । त्यसैले यस्तो बेला 'एनी हाउ, पैसा कमाउ' नीति समातेका व्यापारीहरूलाई नियन्त्रणमा लिएर कडा कारबाही गर्नु अहिलेका आवश्यकता हो ।

# सूचना प्रविधि क्षेत्रमा नयाँ पुस्ताको रहरलाग्दो आकर्षण



▶▶ नरेन्द्र केसी

युवाहरू गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेको तथ्यले युवाहरूमाथि लाग्ने आरोप खण्डित गरेको छ । साँच्चिकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक मुद्रा भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरूलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन् । विश्वबजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ ।

नेपालमा परम्परागतरूपमा अर्थतन्त्रका पाँच आधार भनेर कृषि, जलस्रोत, पर्यटन, उद्योग र जनशक्तिलाई लिने गरिन्थ्यो । तर, पछिल्लो एउटा नयाँ क्षेत्र थपिएको छ- सूचना तथा सञ्चार प्रविधि । केही दिनअघिमात्रै इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)ले सार्वजनिक गरेको एक प्रतिवेदनको नतिजाले यो तथ्य अझ बलशालीरूपमा पुष्टि भएको छ । सो प्रतिवेदनअनुसार नेपालमै बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करिब साढे ६६ हजार आइटी जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रूपैयाँभन्दा बढी आम्दानी भइरहेको छ ।

नेपालमा आइटी क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रूपैयाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको उल्लेख गर्दै प्रतिवेदनमा सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको देखिएको छ । आइटी सेवा निर्यातबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा सन् २०२२ मा ६४.२ प्रतिशतले वृद्धि भएको, १०६ वटा कम्पनीमार्फत र फ्रिलान्सर गरी ६६ हजार ५०९ जनाले आइटीसम्बन्धी काम गरिरहेको जुन तथ्य सार्वजनिक भएको छ, यो नेपालको सूचना प्रविधिमा भएको निकै महत्त्वपूर्ण प्रगतिको सूचक हो ।

धेरै कोणहरूबाट यो सूचक महत्त्वपूर्ण छ । पहिलो कुरा त अब नेपालमा सूचना तथा सञ्चार प्रविधि अर्थतन्त्रको महत्त्वपूर्ण आधार हो भन्ने तथ्य स्थापित भएको छ । हिजो सूचना तथा सञ्चार प्रविधिलाई विलासिता वा मनोरञ्जनको साधनमात्रै मान्ने अवस्था थियो । अब आवश्यकताका आधारमा सूचना प्रविधि मानव जीवनका लागि नभई नहुने साधन बनेको छ भने आयआर्जनका हिसाबले पनि अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा स्थापित हुँदै गएको पुष्टि भएको छ ।

दोस्रो, नेपालबाट बर्सेनि ठूलो संख्यामा बौद्धिक पलायन भइरहेको छ । कक्षा १२ उत्तीर्ण गरेपछि उच्च शिक्षामा नाममा ठूलो संख्यामा युवा विदेशिएका मात्र छैनन्, उनीहरूसँगै ठूलो परिमाणमा पुँजी पनि बाहिरिएको छ । यसले नेपाली समाजमा आर्थिक, सामाजिक र मनोवैज्ञानिक समस्या सिर्जना गरिरहेको छ । आर्थिकरूपमा वैदेशिक अध्ययनका नाममा ठूलो रकम बाहिरिएको छ भने सामाजिकरूपमा परिवारहरू विखण्डित हुन थालेका छन् । यसबाट समाजमा मनोवैज्ञानिकरूपमा पनि ठूलो असर पारेको छ ।

सन्तानलाई जति माया गरेर हुर्काए पनि, लेखाए पढाए पनि अन्ततः विदेश नै जाने हुन् भन्ने मानसिकताले धेरैको दिमागमा घर गर्न थालेको छ । यो बेलामा देशभित्रै बसेर पनि उच्चस्तरको आयआर्जन गर्न सकिन्छ भन्ने तथ्य सूचना तथा सञ्चार प्रविधिको क्षेबाट पुष्टि हुनुले नयाँ पुस्तालाई देशपभित्रै बसेर भविष्य खोज्ने बाटो देखाउने छ । यो आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महत्त्वपूर्ण सन्देश हो ।

तेस्रो, युवाहरूमाथि पनि ठूलो प्रश्न छ । युवाहरू गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेको तथ्यले युवाहरूमाथि लाग्ने आरोप खण्डित गरेको छ । साँच्चिकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक मुद्रा भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरूलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन् । विश्वबजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ ।

चौथो, नेपालले अहिले ठूलो व्यापार घाटा व्यहोरिरहेको छ । निर्यातभन्दा आयात दशौं गुणा बढी हुने अवस्थाका कारण देशको अर्थतन्त्र निकै कमजोर सावित हुँदै गएको छ । अहिलेसम्म वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषण र केही हदसम्म पर्यटकबाट भित्रने वैदेशिक रकमले वैदेशिक मुद्रा सञ्चितिमा योगदान गरिरहेको अवस्था थियो । योसँगसँगै अब वस्तु बेचेरमात्रै वा श्रमिक बाहिर पठाएरमात्रै होइन, देशभित्रै बसेर सेवा निर्यात गरेर पनि आयआर्जन गर्दा यसले परोक्षरूपमा व्यापार घाटा कम गर्न र वैदेशिक मुद्राको सञ्चिति बढाउन सहयोग गर्नेछ ।

### सरकारको भूमिका

पछिल्लो समय सरकारले सूचना तथा सञ्चार प्रविधिको विकासलाई निकै महत्त्व दिएको छ । रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मा सम्हालिसकेपछि सञ्चार प्रविधिको विकासलाई निकै प्राथमिक एजेण्डाको रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । उहाँले मन्त्रीको पदभार ग्रहण गर्दा देशभरिका राजमार्गमा सहज दूरसञ्चार सेवा पुर्‍याउने गरी 'हाइवे कनेक्टिभिटी'को नारा अघि सार्नुभयो भने त्यसपछि झण्डै छ महिनाको अवधिमा दर्जनौं बैठक सम्बद्ध निकायहरूको औपचारिक अनौपचारिक बैठक बोलाएर त्यसको कार्यान्वयनलाई नजिकबाट नियालिरहनुभएको छ । परिणामस्वरूप दूरसञ्चार क्षेत्रमा सुधारका संकेत देखापर्न थालेका छन् ।

मन्त्री शर्माले पदभार ग्रहण गर्दैगर्दा सरकारी सर्भरमा अवरोध सिर्जना भएको घटनाप्रति गम्भीर बन्दै सूचना प्रविधि क्षेत्रका विज्ञहरूको उच्चस्तरीय समिति बनाएर अध्ययन प्रतिवेदन ग्रहण गरी कार्यान्वयनमासमेत लैजानुभएको छ । महत्त्वपूर्ण सवाल छ यो छ कि 'आधुनिक जीवनको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई प्राथमिकता एजेण्डामा राखेको छ । सरकारको कूल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको छ । नवप्रवर्तन र उद्यमशीलता विकास गर्न 'स्टार्टअप इको सिस्टम' विकास गर्ने, उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न इन्क्युवेसन सेन्टर सञ्चालन गर्ने, नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि निःशुल्क गर्ने, अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्ने, लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुनेगरी राष्ट्रिय पोर्टल तयार गर्ने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका व्यवस्था यो वर्षदेखि सुरु गरिएको छ ।

त्यसैगरी सूचना प्रविधिको उद्योगमा वैदेशिक लगानीको सीमा यसै वर्षदेखि हटाइएको छ । सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्ने उद्योगले गरेको विदेशी मुद्रा आर्जनको १० प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भइसकेको छ ।

सरकारले चालु आर्थिक वर्षमा सूचना प्रविधिमा बिजनेस प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङजस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छ । यसले देशभित्रै बसेर विभिन्न देशको काम गरी सेवा निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गर्ने छ । त्यसो हुन सके डिजिटल अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने छ । सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कूल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको जुन तथ्य बाहिर आएको छ । सन् २०२३ र त्यसपछि क्रमशः यसमा उल्लेख्य वृद्धि हुने निश्चित छ किनकि अब सूचना तथा सञ्चार प्रविधि राज्यको प्राथमिकता एजेण्डा बनेको छ ।

अझै पनि नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासका लागि थुप्रै चुनौतीहरू छन् । सूचना प्रविधि क्षेत्रको विकासका लागि प्रतिस्पर्धी क्षमता विकास, व्यावसायिकता वृद्धि, उच्च गतिको भरपर्दो इन्टरनेट सेवा, सूचना प्रविधि पूर्वाधार, आवश्यक नीति र कानुन, सरोकारवालाहरूबीचको समन्वय र सहकार्य आदि चुनौती विद्यमान छन् । यी चुनौती क्रमशः न्यून हुँदै जाने छन् किनकि यसमा राज्यको गहिरो ध्यान गएको छ ।

विश्वबजारमा जुन क्षेत्रमा जनशक्ति माग भइरहेको छ, त्यसको अध्ययन गरी नेपालभित्रै सहज पठनपाठनका लागि पनि सरकारले पहल गरिहेको छ । सूचना प्रविधिमा स्नातक गरेका विद्यार्थीहरूलाई सेवा प्रवेशका लागि सहयोग पुग्नेगरी निश्चित अवधि तोकेर तालिम प्रशिक्षणको व्यवस्था गर्ने गरी तयारी थालिएको छ भने सूचना प्रविधिको क्षेत्रमा छोटा व्यावसायिक तालिमको गृहकार्य भइरहेको छ ।

सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि योजनाबद्ध पहल सुरु गरेको छ । यस क्षेत्रमा दक्ष जनशक्तिको आकर्षण बढाउनका साथै उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि विषयमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा छात्रवृत्ति प्रदान गर्ने र सार्वजनिक सेवा क्षेत्रमा कार्यरत दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु गरिएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा सूचना प्रविधिको अध्ययन अनुसन्धानमा लागेका संस्था र व्यक्तिलाई आविष्कार र नवप्रवर्तनमा थप आकर्षित गर्ने गरी देशभरिबाट हजारौं प्रतिभाहरू सहभागी हुने गरी राष्ट्रियस्तरको प्रतिस्पर्धा गराउने डिजिटल च्याम्पियन, आइटी एक्जिविसन, व्यावसायिक तालिमलगायतका नयाँ कार्यक्रम अघि सारिएको छ । सूचना प्रविधिको क्षेत्रमा आवश्यक नीति र कानुन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्माले सार्वजनिक आह्वान गरेजस्तै 'अब नेपालबाट श्रमिक होइन, सेवा निर्यात गर्ने' लक्ष्यलाई राष्ट्रिय महत्त्वको लक्ष्यको रूपमा अघि बढाउन आवश्यक छ । सरकारको सहजीकरण र यस क्षेत्रमा संलग्न संस्था, विज्ञ तथा सूचना प्रविधिकर्मीहरूको समन्वयात्मक पहलकदमीद्वारा सूचना प्रविधिको क्षेत्रबाट देशको समृद्धिको आधार निर्माण गर्ने वातावरण सिर्जना गर्न ढिलाइ गर्नु हुँदैन । सूचना तथा सञ्चार प्रवधि क्षेत्रमा देखिएको नयाँ पुस्ताको रहरलाग्दो आकर्षण र उत्साह राष्ट्र निर्माण र समृद्धिको गतिलो आधार बन्नसक्छ भन्ने तथ्य सबै पक्षले आत्मसात गर्नु आवश्यक छ ।

***(लेखक सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ हुन्)***

## मनन्योग्य

### चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।' शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः

## पत्र–मञ्जुषा

### मन्दीको प्रभावमा सर्वसाधारणदेखि व्यवसायीसम्म

आम सर्वसाधारण वा व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर वा व्यवसायमा मन्दी आएर धमाधम आत्महत्या गरिरहेका छन् । बजारमा आएको आर्थिक मन्दीका कारण आमनागरिक र व्यवसायीहरू आत्महत्याको बाटो रोज्न बाध्य हुँदासमेत सरकार लाचार बनिरहेको छ ।

यता, बैंक तथा वित्तीय संस्थाहरू भने अहिले पनि आफूले यति र उति नाफा कमाउने भन्दै प्रचारप्रसार गरिरहेका छन् । बजार पूरै मन्दीमा छ । बैंकमा पैसा राखेकाले समेत आफ्नो बचत भटाभट निकालेका छन् । बैंकले कर्जा प्रवाह गर्न नसकेको व्यापक हल्ला छ ।

अनि हामीले यति आम्दानी गर्‍यौं, यति नाफा भयो भनेर बैंकले भनिरहँदा अधिकांशको प्रश्न एउटै छ, 'के यिनीहरूले पैसा चोर्ने त गरेका छैनन् ?' अहिले उद्योग वाणिज्य व्यवसायी महासंघका अध्यक्ष चन्द्र ढकाल, पूर्वअध्यक्ष शेखर गोल्छालगायत मुलुकको अर्थतन्त्र छ दशकअघिको अवस्थामा पुगेको दाबी गर्छन् ।

बैंकमा एक लाखको चेक लिएर गएमा अर्को शाखा पठाइन्छ । त्यहाँबाट पनि अर्को शाखा पठाइन्छ । अनि एक लाख बचत फिर्ता गर्न नसक्ने बैंकले यति र उति नाफा भयो भनेर भन्नु लज्जास्पद पनि छ । बजारको कुरा गर्ने हो भने घरजग्गा, गाडी र सेयरको कारोबार पूरै ठप्प छ ।

करिब तीन वर्षअघि दुई करोडमा किनेको घडेरी अहिले पैसाको खाँचो परेर यसको आधा मूल्यमा बेच्छु भन्दासमेत बिक्दैन । सेयर र गाडीको पनि यही अवस्था छ । अनि यस्तो हुँदा बैंकले केमा लगानी गरेर नाफा कमायो ? भाटभटेनी सुपरमार्केटका सञ्चालक मिनबहादुर गुरुङका कारण मुलुकका अधिकांश बैंक डुब्ने अवस्थामा पुगेका छन् ।

यता, बालुवाटारस्थित ललिता निवासको जग्गा काण्डका कारण पनि धेरै बैंक टाट पल्टिने जस्तो देखिएको छ । गुरुङ त ललिता निवासको जग्गा प्रकरणमा समातिए नै । त्यसरी नै अब सरकारी तथा गुठीका जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा चन्द्र ढकाल पनि समातिने अधिकांशको भनाइ छ ।

बागलुङ घर भएका ढकालको गरिब परिवारमा जन्म भएको थियो । तर, काठमाडौं छिरेपछि उनले वनजंगल, सरकारी, गुठी, सार्वजनिकलगायत जग्गा व्यक्तिको नाममा दर्ता गरी करोडौं सम्पत्ति आर्जन गरे । अहिले मुलुकको नाजुक अवस्थामा पुग्दा र व्यवसायीहरूले आत्महत्याको बाटो रोज्दा समेत ढकाललाई केही मतलब छैन ।

उनी उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत हुन् । अध्यक्षको काम, कर्तव्य, जिम्मेवारी र दायित्व भनेकै उद्योगी, व्यवसायीहरूको संरक्षण गर्नु र मुलुकको अर्थतन्त्रमासमेत टेवा पुर्‍याउनु हो । तर, यसतर्फ ढकालको ध्यान गएको छैन । उनी आफ्नो पेट भर्नतिर मात्र लागिपरेका छन् ।

पछिल्लो समय नेपालका अर्थविद्, विज्ञहरू मुलुकको अर्थतन्त्रबारे बोल्दैनन् । किनकि उनीहरूले पनि थाहा पाइसकेका छन् कि मुलुकको अर्थतन्त्र डुबिसकेको छ । केही दिनअघि मात्रै राजधानीको माइतीघर मण्डलामा विगत दुई महिनादेखि आन्दोलनरत रहेका सहकारीपीडित बचतकर्ताहरू सरकारले आफूहरूको माग पूरा नगरेको भन्दै सडकमै लम्पसार परे ।

अहिले बजारमा ५०० र हजारको नोट पाउनै मुस्किल छ । व्यापारी तथा सर्वसाधारणले आ-आफ्नो घरमा पैसा लुकाइसकेका छन् । त्यसैगरी, सरकारी सेवामै कार्यरत कर्मचारी, ज्येष्ठ नागरिकलगायतले तलबभत्ता नपाएको पनि व्यापक गुनासो छ । अहिले महँगीले सीमा नाघेको छ ।

बेरोजगारीका कारण दिनदहाडै हत्या, हिंसा, चोरी र लुटपाटका घटना बढिरहेका छन् । तर, विडम्बना हाम्रो सरकार र हाम्रा सांसद यो कुराबाट अनजान छन् । मुलुक श्रीलंकाको बाटोमा पुगिसकेको छ । तापनि जनप्रतिनिधि, सरकारी कर्मचारी, सांसदलगायतहरू अहिले पनि तलबभत्ता र सेवासुविधा त्याग्न तयार छैनन् ।

सरकारको आम्दानीको स्रोत सुक्दै गएको छ, तर खर्च भने दिनप्रति दिन बढिरहेको छ । अब नेपाल सरकारले विदेशीसँग दिएको ऋण तिर्न नसके नेपाल विश्व कालोसूचीमा पर्ने छ । तब न नेपाल रहन्छ न त नेपाली । त्यत्तिबेला अर्थतन्त्र होइन देश नै रहँदैन । यदि सरकारले समयमै ध्यान नदिए मुलुकमाथि विदेशी हस्तक्षेप लाग्न धेरै समय लाग्दैन ।

*– रामचन्द्र खत्री, कीर्तिपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# नेपालगञ्जमा एक सातापछि हटयो कफर्यु

**नेपालगञ्ज (प्रस)–** बाँकेको नेपालगञ्जमा एक सातादेखि जारी कफर्यु हटाइएको छ । जनजीवन सामान्य हुँदै गएपछि कफर्यु हटाइएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिए । उनले शान्ति सुरक्षाको अवस्था सामान्य बनेकाले कफर्यु हटाइएको उल्लेख गरे ।

अघिल्लो मंगलबार नेपालगञ्जमा तनाव उत्पन्न भएपछि दिउँसो १ बजेदेखि कफर्यु आदेश जारी गरिएको थियो। अवस्था सामान्य बन्दै गएपछि केही दिनयता दिउँसोको समयमा निषेधाज्ञा र राति कफर्यु लाग्दै आएको थियो। सामाजिक सञ्जालमा लेखिएको विषयलाई लिएर उत्पन्न विवादका कारण परिस्थिति असहज बन्ने देखिएपछि असोज १६ गते मंगलबार दिउँसो १ बजेदेखि नेपालगञ्जमा अनिश्चितकालीन कर्फ्यू लगाइएको थियो । यही असोज १८ गतेदेखि दिउँसोको कफर्यु हटाइएको थियो भने राति कफर्यू कायमै राखिएको थियो ।

### विशेष सुरक्षा योजना

बाँकेमा प्रहरीले दसैं र तिहार पर्वका लागि विशेष सुरक्षा योजना ल्याएको छ। जिल्ला प्रहरी कार्यालय, बाँकेले कोहलपुर नगरपालिकास्थित बसपार्क र नेपालगञ्ज बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरेको प्रहरी नायब उपरीक्षक नारायण डाँगीले जानकारी दिए ।

सीमाक्षेत्र जमुनाह नाकामासमेत भारतबाट आउने नेपाली नागरिकको सहजीकरणका लागि यात्रु सहायकता कक्ष स्थापना भएको भएको छ । भारतबाट आएका केहीले गरेको गुनासो सम्बोधन गरिएको जमुनाहका वरिष्ठ प्रहरी नायब निरीक्षक मीनबहादुर विष्टले जानकारी दिए।

प्रहरीले बसपार्क क्षेत्रमा यात्रुहरू ठगी हुने सम्भावना भएकाले त्यसमा पनि निगरानी बढाएको जानकारी दिँदै प्रनाउ डाँगीले भारतका रेल्वेस्टेसनसम्म पनि सादा पोसाकमा रहेका प्रहरीले निगरानी गरेको बताए । 'कसरी हुन्छ नागरिकको जीउधनको सुरक्षा गर्ने योजना हो,' उनले भने। यसबाहेक भारतसँग जोडिएका सीमाक्षेत्र नरैनापुरलगायतका क्षेत्रमा पनि प्रहरीले निगरानी बढाएको छ ।

## 'लाइसेन्स'...

पृष्ठ १ बाट जारी

सुरुमा असोज १५ गतेसम्म म्याद रहेकोमा उक्त म्याद गुज्रिएपछि असोज २२ गतेसम्म म्याद थपिएको थियो । 'थपिएको म्यादभित्र हामीले आएको संशोधनमा सांसद, सरोकारवाला र विज्ञसँग छलफल गऱ्यौं,' उपसमितिकी संयोजक झाले प्रभावसँग भनिन्, 'तोकिएको समयमा समितिमा हामीले प्रतिवेदन बुझाएका छौं ।'

विश्वव्यापी आर्थिक नियमन गर्ने संस्था फाइनन्सियल टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन बनाउन ताकेता गरेपछि सरकार यसकाममा तीव्रताका साथ लागेको हो । एफएटिएफले सन् २०१४ देखि नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन बनाउन ताकेता गरिरहेको छ। यस्तो कानुन नबनाएर नेपाल 'ग्रे लिस्ट'मा पर्ने चेतावनी एफएटिएफको छ ।

नेपालमा सुन तस्करी, भ्रष्टाचार, मानव तस्करी, हुण्डीजस्ता क्रियाकलापबाट हुने कालो धन सजिलै वैध बन्ने क्रम जारी रहेकोले यस्तो कार्य रोक्न एफएटिएफले आग्रह गरेको हो । अनियमितता जारी रहे र कडा कानुन नबने देश ग्रे लिस्टमा पर्ने, जसबाट गम्भीर असर पर्ने अर्थविद्हरू बताउँछन् । ग्रे लिस्टमा परेपछि अन्तर्राष्ट्रिय वित्तीय सहयोग नपाउने र अन्तर्राष्ट्रिय लगानी पनि नभित्रिने खतरा हुन्छ। उपसमितिमा भएको यो सहमति कानुन समिति हुँदै संसद्का दुवै सदनले पारित गर्नुपर्छ । अन्यथा यसले कानुनी मान्यता पाउने छैन ।

### सहकारीलाई नियमन गर्ने प्रस्ताव

सम्पत्ति शुद्धीकरणमा जग्गा, सहकारी, निकासी, क्यासिनोसहितका १९ वटा विषयगत संशोधन परेका छन् । कानुन समितिकी सभापति विमला सुवेदीलाई प्रतिवेदन बुझाउँदै उपसमितिकी संयोजक झाले यी विषयमा छलफल गर्न १२ वटा बैठक बसेको जानकारी दिइन् । उपसमितिले सहकारी संस्थाले निक्षेपकर्ताको बचत दुरूपयोग गरेका घटना एकपछि अर्को गरी बढिरहेका बेला ठगी रोक्न राष्ट्र बैंकको नियमन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

उपसमितिले ५० करोडभन्दा बढी सेयर पुँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्नुपर्ने प्रस्ताव गरेको हो । देशभर हाल करिब ३५ हजार हाराहारी सहकारी भए पनि ५० करोडभन्दा बढी सेयर पुँजी भएका सहकारीको संख्या भने धेरै नरहेको बताइन्छ ।

संविधानले सहकारी नियमनको अधिकार स्थानीय तहलाई दिएको छ । तर, स्थानीय तहले आवश्यक जनशक्तिको अभाव देखाएर नियमनमा बेवास्ता गर्दै आएका छन्। जसका कारण सहकारीमा ठगीका घटना एकपछि अर्को गरी बढिरहेका छन्। एउटै सहकारीले निक्षेपकर्ताको २० अर्ब रूपैयाँसम्म ठगेका घटना बाहिर आएका छन् । संशोधनकर्ता सांसदहरूले सहकारीहरूले कार्यक्षेत्र नाघेर काम गर्दा समस्या देखापरेको बताएका थिए ।

उपसमितिले कानुनमा '५० करोड रूपैयाँभन्दा बढी सेयर पुंजी भएको वा वार्षिक सो रकम बराबरको कारोबार गर्ने सहकारीलाई वित्तीय सुशासन तथा जोखिमका आधारमा सहकारी विभागको अनुरोधमा राष्ट्र बैंकले नियमन गर्ने' व्यवस्था गर्न आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरेको छ ।उपसमितिले सहकारीमा बचतको सीमा तोक्ने विषयमा भने निर्णय लिन सकेन । विधेयकमा २५ लाख रूपैयाँको सीमा प्रस्ताव गरिएकामा एमाले सांसदहरूले विरोध गरेपछि उपसमिति अनिर्णित भएको हो । उपसमितिको प्रतिवेदन समितिबाट आज (बुधबार) पारित गर्ने तयारी छ।

### करमा क्यासिनोलाई कस्ने

उपसमितिले कर नतिर्ने क्यासिनोलाई कस्न प्रस्ताव गरेको छ । उपसमितिको प्रतिवेदन हुबहु पारित भए क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले ग्राहकबाट करबापत कट्टा गरिएको रकम कट्टा भएकै दिन राजस्व खातामा जम्मा गर्नुपर्ने छ ।

क्यासिनोहरूले कर नतिर्ने प्रवृत्ति बढेपछि उपसमितिले त्यसलाई रोक्न ग्राहकबाट करबापत कट्टा गरिएको रकम कट्टा भएकै दिन राजस्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था प्रस्ताव गरेको हो । अहिले विभिन्न ७ क्यासिनोले सरकारलाई दुई अर्ब २६ करोड ६६ लाख रूपैयाँ रोयल्टी बुझाउन बाँकी छ ।यस्तै कुनै पनि कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न पाउने छैनन् । प्रतिवेदनअनुसार एकभन्दा बढी क्यासिनो सञ्चालन गर्नेलाई कुनै एक रोज्न २०८१ चैतसम्मको समय दिइनेछ । यदि दुवै क्यासिनो सञ्चालन गर्न चाहेमा अलग्गै कम्पनी खडा गर्नुपर्ने छ । त्यसका लागि २०८३ चैतसम्मको समय दिन उपसमितिले प्रस्ताव गरेको छ।

क्यासिनो सञ्चालनका लागि पर्यटन मन्त्रालयको साटो पर्यटन विभागमा निवेदन दिने व्यवस्था गर्न पनि प्रस्ताव गरिएको छ। यस्तै सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरको अनुसन्धान एक वर्षभित्र पूरा गर्नुपर्नेछ । समितिको प्रतिवेदनमा 'अन्य मुलुकसँग सहयोग आदानप्रदान वा समन्वय गरी अनुसन्धान गर्नुपर्ने वा गम्भीर प्रकृतिबाहेक सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरको अनुसन्धान एक वर्षभित्र पूरा गर्नुपर्नेछ' भनिएको छ । सम्पत्ति शुद्धीकरणको अनुसन्धान राजनीतिक दबाबका आधारमा रोकेर वर्षौंसम्म फाइल थन्क्याउने गरिएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIMITED MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०६/२२ LT. No. 293659 चलानी नं. ६०२०८९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५४,६६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 4 | Sales Employee | 0 | 2 | 1500 | ५४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROMPIN HENLY HARDWARE & TIMBER SDN.BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२३ LT. No. 293889 चलानी नं. ६०२०९००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SENSHIN SEIMITSU SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293744 चलानी नं. ६०२०८९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HARLINA RICETECH SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293745 चलानी नं. ६०२०८९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376

## ZERO COST RECRUITMENT Opportunity For Qatar !!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: TEYSEER SERVICES COMPANY
कम्पनी : टेसिएर सर्भिसेस कम्पनी

Pre Approval Date : 2023-08-15 Post Approval Date : 2023-10-10 LT. No.291022 Invoice No. 60206214
पूर्व स्वीकृति मिति : २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२३ एल टि न. २९१०२२ चलानी नं. ६०२०६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clerical | 1 | 0 | 2100 | ७६,५३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 4 | 0 | 1500 | ५४,६६५ | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1900 | ६९,२४० | | | | | | | |
| 4 | Labour | 10 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 6 | Technician | 5 | 0 | 1100 | ४०,०८५ | | | | | | | |
| 7 | Waiter | 4 | 0 | 1400 | ५१,०२० | | | | | | | |

The interview will be conducted in the office on October 15, 2023.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २८ गते हुनेछ ।

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
